बैठक नं. - १२

मिति २०७४।१२।०४ गते आइतबार

समय १०:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल, बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७४।१२।०४ गते आइतबारका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँपालिकाको सभाहलमा गाउँकार्यपालिकाको बैठक बसी तपशीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

## तपशील

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री धर्मबहादुर के.सी. | :- | अध्यक्ष, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनकला पुन, | :- | उपाध्यक्ष, बाँफिकोट गाउँ कार्यपालिका,रुकुम(पश्चिम) |
| श्री हर्क मल्ल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री धनबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री चन्द्रबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम) |
| श्री लिलाराम बि.क. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कस्तुप प्रकाश दाहाल | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनोजकुमार अधिकारी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री नरबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री कबिराम के.सी., | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री अर्जुन चन्द, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री झरना शाही, | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री जनकुमारी खत्री, | :- | सदस्य, बाँफिकोट गाउँ कार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री तारा बुढा के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री सिता खड्का के.सी. | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री शेरु विश्वकर्मा | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम) |
| श्री मनबहादुर बादी | :- | सदस्य, बाँफिकोट गाउँकार्यपालिकाका ,रुकुम(पश्चिम) |
| श्री लोकबहादुर कुसारी | :- | सदस्य सचिव, बाँफिकोट गाउँकार्यपालिका, रुकुम(पश्चिम) |

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७४

लोक बहादुर कुसारी प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित २०७४।१२।०४

**प्रस्तावहरू :**

१। गाउँपालिकाको भवन निर्माण सम्बन्धमा ।

२। स्वास्थ्य शिविर सञ्चालनको अनुमोदन सम्बन्धमा ।

३। विविध सम्बन्धमा ।

प्रमाणिकरण मिति :- २०७८।१२।०४

**निर्णयहरु : -**

**निर्णय नं. १** :- प्रस्ताव नं. १ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तंगत विनियोजित रकम रु १,००,००,०००(एक करोड रुपैया मात्र ।) लाई गाउँसभाबाट संशोधनको प्रस्ताव स्वीकृत गराई रु ८०,००,०००( असि लाख रुपैया मात्र ।) कायम गर्ने र संघीय सार्वजानिक खरिद ऐन, २०६३ को परिधिभित्र रहि गाउपालिकाले कार्य प्रभावकारिता, पारदर्शिता , विवेकशीलता र प्रतिफलमुखी कार्यका लागि श्रमसहकारीबाट ५ जना, ड्रिम युवा क्लबबाट ६ जना, र कार्यपालिकाले तोकेको २ जना सदस्य रहनेगरि जम्मा १३ जनाको भवन निर्माण समिति गठन गरि कार्य सुचारु गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २** :- प्रस्ताव नं. २ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम विनियोजित जेष्ठ नागरिक तर्फको रकमलाई स्वास्थ्य तथा सरसफाई इकाईबाट सञ्चालन गरिएको स्वास्थ्य शिविर सञ्चालनको कार्यक्रमलाई यस कार्यपालिकाले अुमोदन गर्दै विशिषज्ञ भिडियो एक्सरे खर्च र यातायातको खर्चसमेत गरि नियमानुसार समपुरक कोष बाट रु ५०,०००।- थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं ३** - प्रस्ताव नं ३ को विविध विषयमा व्यापक छलफल गर्दा नोटहरुमा उल्लेखित निर्णयहरु सर्वसम्मतिले पारित गरियो ।

नोट १ :-यस गाउपालिकाका कार्यपालिकाका सदस्यहरुको मेडिकल बोर्डको सिफारिसका आधारमा major operation को लागि मात्र उपचार खर्चको ५० प्रतिशत गाउँपालिकाले उपचार सहुलियत उपलब्ध गराउने निर्णय पारित गरियो ।

नोट २ :-यस गाउँपालिकाका वडा सदस्यहरुलाई सञ्चार बापतको खर्च वडाअध्यक्ष सरह सञ्चार सुविधा प्रदान गर्ने र गापा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा यथाशिघ्र टेलिफोन सेट उपलब्ध गराउने निर्णय पारित गरियो ।

नोट ३ - यस गाउपालिकाका सम्पुर्ण वडाहरुका बिद्यालयमा परीक्षा सञ्चालनको अनुगमण गर्न सम्बन्धित वडामा सम्बन्धित वडाका सदस्यहरुले अनुगमन गर्ने निर्णय गरियो ।

नोट ४ - स्यार्पु ताल हाइड्रो कम्पनीको लगानीमा यस गाउपालिकाकाले जिम्मा लिनुपर्ने रु ३०,००,००० रुपैया आगामी आ.ब.०७५/०७६ का लागि बिनियोजन गर्ने र त्यसका लागि कम्पनिमा जाने यस गाउँपालिकाको तर्फबाट वडा नं ३ का वडाध्यक्ष श्री चन्द्र बहादुर केसी र वडा नं ६ का वडाध्यक्ष श्री मनोज कुमार अधिकारी लाइ प्रतिनिधिको रुपमा तोक्ने निर्णय गरियो ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२) "ञ" अनुसार निर्णय प्रमाणित गरिएको छ।

२०७४/१२/०४

लोक बहादुर कुवारी
प्रमुख प्रशासकीय अधिकृत